# लोक सेवा आयोग

# दरखास्त व्यवस्थापन केन्द्र

### अनामनगर, काठमाडौं

## नेपाल स्वास्थ्य सेवाको नवौं तहका पदहरुको सक्कल कागजात रुजू (Verification) गर्ने म्याद बढाइएको सम्बन्धी अत्यन्त जरुरी सूचना

नेपाल स्वास्थ्य सेवाको नवौं तहका विभिन्न पदहरुका लागि मिति २०७३ असोज २६ गते आयोगको वेबसाइट, बुलेटिन तथा गोरखापत्रमा प्रकाशित भएको विज्ञापनमा दरखास्त बुझाउने उम्मेदवारहरुलाई विशेष सूचना अन्तर्गत **स्वास्थ्य सेवाका एघारौं र नवौं तहका पदहरुमा दरखास्त दिने उम्मेदवारहरुले आफूले दरखास्त दिने क्रममा खुलाएका विवरणहरुको सक्कल कागजात (नागरिकता, शैक्षिक योग्यताका लव्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र, समावेशी विवरण खुल्ने कागजात, स्तरवृद्धि भएको भए सो सम्बन्धी कागजात, समकक्षता/सम्वद्धता निर्धारण गरेका कागजात, सम्बन्धित व्यवसायिक परिषद्मा दर्ता/नवीकरण भएका कागजात आदि) हरुको सक्कल सहित नक्कल १/१ प्रति साथमा ल्याई परीक्षा हुने मिति भन्दा कम्तीमा १५ दिन अगाडिसम्म दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरबाट रुजु (Verification) गराइसक्नु पर्नेछ । यसरी रुजु भएपछि सम्बन्धित पदका लागि योग्य ठहरिएका उम्मेदवारलाई मात्र लिखित परीक्षामा सम्मिलित गराइनेछ** भनी सूचित गरेकोमा उम्मेदवारको सहजताको लागि आयोगको मिति २०७३/१०/१४ को निर्णयानुसार लिखित परीक्षाको एक दिन अगाडि सम्म दरखास्त व्यवस्थापन केन्द्रमा आई रुजु गराउन सक्ने व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै १५ दिन अघिसम्म रुजू नगराएको कारण जनाई दरखास्त रद्द भएका उक्त पदका उम्मेदवारहरुले समेत उल्लिखित अवधि भित्र दरखास्त रुजू गराउन सक्ने जानकारी गराइन्छ ।